ल्यापटप, कम्प्युटर बिग्रियो ?

Call Now: 065-562512

हामी तपाईको घर तथा अफिसमै आइ तपाईको टेन्सन मुक्त पारिदिन्छौं ।



Golden Computer

कम्प्युटर मर्मत तथा बिक्री केन्द्र

व्यास-२, गणेशमान चोक, दमौली

Contact: 065-562512, 9846170254, 9819127918



# सेतीमादी

तनहुँको पहिलो र सर्वश्रेष्ठ दैनिक

राष्ट्रिय दैनिक www.setimadidaily.com.np



खानाका पारखीहरुका लागि एकमात्र गन्तव्य

लुम्बिनी थकाली भान्छाघर एण्ड लज

व्यास–१, तालघरे, तनहुँ

हाम्रा सेवाहरुः

– लोकल कुखुराको स्वादमा स्पेशल नेपाली खाना
–माछा तथा कुखुराको पोलेका परिकारहरु
–सिस्नोका साथमा फापर तथा कोदोको ढिंडो
–च्याउको म.म. तथा पकौडा
–सफा, सुन्दर, शान्त वातावरणमा पर्याप्त पार्किङ्गको व्यवस्था
–सेमिनार हल तथा आरामदायी बासको व्यवस्था

सम्पर्क नं. ९८०६७७४८३८



वर्ष १२ अंक १६४ तनहुँ २० भदौ २०७५ बुधबार **SETIMADI**, National Daily Wednesday 5 September 2018 पृष्ठ ४ मूल्य रु. ३ रुपैयाँ


## चण्डेश्वरी आधारभूत विद्यालयमा आर्थिक हिनामिना भएको विषय सार्वजनिक

**प्रकाश अधिकारी/ सेतीमादी**
**दमौली १९ भदौ**

व्यास-११ रामथुम्की स्थित चण्डेश्वरी आधारभूत विद्यालयमा आर्थिक हिनामिना भएको विषय सार्वजनिक भएको छ ।

प्राप्तजानकारी अनुसार शिक्षकहरुको सञ्चयकोष, छात्रवृति, कम्युटर खरीदका लागि आएको रकममा अनियमितता भएको विषय सार्वजनिक भएको हो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामबहादुर परियारले जानकारी दिए अनुसार करिब ६ लाख रुपैयाँ अनियमितता भएको अनुमान गरिएको छ। विद्यालयको रकम अनियमितता भएको विषय सार्वजनिक भएसगै विद्यालयका प्रधानाध्यापक बासुदेव न्यौपाने विद्यालय जान छाडेका छन् । सोही विषयलाई केही दिन अगाडि तीन/चार दिन विद्यालयमा पठनपाठन अवरुद्ध हुन पुगेको थियो । तर विद्यालयका प्रअ न्यौपानेले

(**बाँकी २ पेजमा**)






## पूर्व राष्ट्रपति यादव आज दमौली आउने

**सेतीमादी संवाददाता**
**दमौली १९ भदौ**



पूर्व राष्ट्रपति डा. रामवरण यादव आज दमौली आउने भएका छन्। व्यास नगरपालिकाको नवनिर्मित भवन उद्घाटन गर्न पूर्व राष्ट्रपति दमौली आउने भएका हुन् ।

व्यास नगरपालिकाले जानकारी दिए अनुसार बुधबार दिउसो १ बजे भवन उद्घाटन गर्ने कार्यक्रम तय भएको जनाएको छ । भवन नगर विकास कोषको ऋण तथा अनुदान सहयोग र व्यास नगरपालिकाको संयुक्त लगानीमा निर्माण गरिएको हो ।

## कम्युनिष्टले जनतालाई भ्रम पारेर भोट लिए- वरिष्ठ नेता पौडेल

**सेतीमादी संवाददाता**
**दमौली १९ भदौ**

नेपाली काग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले कम्युनिष्टले जनतालाई भ्रममा पारेर भोट लिएको बताएका छन् ।

भ्रममा पारेर भोट लिएपछि कम्युनिष्टहरुले जनतालाई झुक्याएको वरिष्ठ नेता पौडेलको भनाई थियो ।

उक्त अभियान समाज सेवा समुह फराकचौर, आर्थिक सहयोग व्यास न.पा कार्यालय र खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय तथा आयोजक व्यास ११ वडा कार्यालयको सयुक्त प्रयासमा भएको थियो ।

व्यास न.पा वडा न.११ का




सो कुरा वरिष्ठ नेता पौडेलले व्यास नगरपालिका वडा नं ११ पूर्ण सरसफाई उन्मुख घोषणा कार्यक्रममा बताएका हुन् । त्यस्तै वरिष्ठ नेता पौडेलले कम्युनिष्टको सरकार बनेपछि जिल्लामा बजेट भित्रिन रोकिएको बताएका थिए । त्यस्तै पूर्ण सरसफाई उन्मुख वडा घोषणा सगै वडाको सरसफाईमा विशेष उपलब्धि हुने समेत वरिष्ठ नेता पौडेलको भनाई अध्यक्ष निरबहादुर खड्काको सभापतित्वमा भएको कार्यक्रममा राष्ट्रिय सभा सदस्य प्रकाश पन्थ, प्रदेश सदस्य दोबाटे वि.क र सरिता गुरुङ, एमाले नेता पीएल श्रेष्ठ, जिल्ला समन्वय समितिका सभापति शान्तिरमण वाग्ले, व्यास नगरपालिकाका प्रमुख वैकुण्ठनाथ न्यौपाने, प्रमुख जिल्ला अधिकारी, भरतकुमार शर्मा लगायतले बोलेका थिए ।


जग्गा बिक्रिमा !

म्याग्दे-१ गुणाँदीमा राजमार्गबाट १५० मिटर दुरीमा बाटो खुलेको ठाउँमा होटल, रिसोर्ट, कृषि फर्म बनाउन उपयुक्त पानीको सुविधा भएको ९ रोपनी जग्गा बिक्रिमा रहेको हुँदा इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क राख्नुहोला । प्रतिरोपनी मूल्य २५ लाख रुपैयाँ मात्र । साथै पोखरा वा लेखनाथको घर सँग साट्न समेत सकिने छ ।

सम्पर्क

९८०६५२१९५५



# सेतीमादी

## सम्पादकीय

मैनबत्ती

राष्ट्रिय दैनिक

# अनावश्यक राजनीतिककरण

पञ्यातकाल होस २०४६ सालको परिवर्तन पछि तनहुँ जिल्ला राजनीतिक हिसाबमा निकै अगाडि मानिन्छ । जसले गर्दा यहाँका हरेक गतिविधीमा राजनीति घुसेको अनुमान जो कोहीले पनि सहजै लगाउन सक्दछ । यस्तै पछिल्लो समय तनहुँ जिल्लामा विकास निर्माणका योजनाहरुको उद्घाटन हुँदा काग्रेस र कम्युनिष्टहरु बीच राजनीति हुन थालेको छ । राजनीति यसरी हुन थालेको छ कि एउटा पार्टीको प्रमुख अतिथी हुँदा अर्को पार्टीले प्रतिनिधित्व नजाउने र निमन्त्रणा नगर्ने सम्मका हर्कतहरु हुन थालेका छन् । जसको ज्वलन्त उदाहरणका रुपमा व्यास नगरपालिकाको वडा नं १ र ४ जोड्ने बुल्दी खोला र म्याग्दे गुणादी खोलामा निर्माण गरिएको पुलको उद्घाटन समारोहलाई लिन सकिन्छ । जुन कार्यक्रममा अनावश्यक राजनीतिककरण सम्बन्धित राजनीतिक दलका प्रतिनिधीहरु अनुपस्थित हुन पुगे । अनावश्यक राजनीतिककरणका कारण यसरी राजनीतिक दलहरु अनुपस्थित हुनु अत्यन्त लज्जाजनक विषय हो । यस किसिमका क्रियाकलापले राजनीतिक दलहरु बीच आगामी दिनमा झन दुरी बढ्दै जाने निश्चित छ ।

विगतलाई फर्केर हेर्ने हो भने २०४६ सालको परिवर्तन पछि पनि काग्रेस र कम्युनिष्ट यस्तै अवस्था सिर्जना भएको थियो । त्यतिबेला छिमेकीहरु बीच पानी बाराबार र मेलापात समेत रोकिएको थियो । त्यतिमात्र होइन जन्ती र मलामी समेत बन्द हुन पुगेको थियो । जसले गर्दा समाजमा ठूलो विभाजन रेखा कोरिएको थियो । जुन विभाजनको रेखा मुलुकमा माओवादी द्वन्द्व बढ्दै जाँदा क्रमसः अन्त्य हुन पुगेको थियो । द्वन्द्वका कारण अन्त हुनपुगेको अनावश्यक राजनीतिककरण सदाका लागि अन्त्य हुने अनुमान गरिएको थियो ।तर फेरी पछिल्ला दिनहरुमा यि गतिविधीहरु दोहोरिन थालेका छन् ।सिङगो समाजलाई विभाजित गराउने यि गतिविधी रोक्नका लागि सम्बन्धित राजनीतिक दलहरुले आफ्नो ठाउँबाट सक्दो भूमिका निर्वाह गर्नुपर्दछ । अन्यथा राजनीतिक दल र तिनका नेताहरुको नियत माथि प्रश्न गर्नुपर्ने देखिन्छ ।

# तनहुँमा कुक एशोसियसन गठन

**सेतीमादी संवाददाता**
**दमौली १९ भदौ**

तनहुँ जिल्ला भित्र रहेका सेफ /कुकहरुको प्रथम भेलाले सेफ /कुक एशोसियसन गठन गरेको छ ।

भेलाले गुप्तबहादुर थापाको अध्यक्षतमा एशोसियसन गठन गरेको हो । त्यस्तै समितिको उपाध्यक्षमा वीरवहादुर थापा, सचिवमा गिता थापा अधिकारी, कोषाध्यक्षमा उमेश पराजुली, सहसचिवमा दिनेश अर्याल चयन भएका छन् । त्यस्तै सदस्यहरुमा सुकमायाँ गुरुङ, कमला भुजेल, विष्णुमाया आले, विरेन्द्र शर्मा, गोकुल सिमल थापा चयन भएका छन् । त्यस्तै सल्लाहकारमा क्षेत्रीय होटल संघ तनहुँका सचिव विकास खनाल र वसन्त थापालाई चयन गरिएको छ । यसैबीच कार्य समितिका पदाधिकारी तथा सदस्यहरुलाई प्रमुख अतिथी खनालले टिका र खादा लगाई सफलताको शुभकामना दिएका थिए ।



# जनताको पक्षमा बलियो कदम चाल्ने सन्दर्भमा मन्त्रीहरू हेरफेर पनि हुन सक्छन् – प्रचण्ड

**काठमाण्डौं १९ भदौ**

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले जनताको अपेक्षा पूरा गर्ने सम्बन्धमा सरकारका मन्त्रीहरूको फेरबदल हुनसक्ने बताएका छन् ।

देश र जनताका अपेक्षासामु व्यक्ति गौण हुने उनको भनाइ छ ।

आफ्नै निवास खुमलटारमा सम्पादक र राजनीतिक बिटमा कलम चलाउने पत्रकारहरूसँगको भेटमा अध्यक्ष प्रचण्डले जनताको अपेक्षा अनुसारको काम गर्नका लागि आवश्यक परे मन्त्रीहरूको हेरफेर हुनसक्ने बताएका हुन् ।

'पहिलेको सरकार र कम्युनिस्ट पार्टीको दुईतिहाइ बहुमतको सरकारका बीचमा के फरक भयो ? जनतामा निराशा भयो भन्ने खालका गुनासा आएका छन्,' प्रचण्डले भने, 'धेरै टिप्पणी गरेर समस्या समाधान त हुँदैन । तर सरकारको समीक्षा गर्ने बेला भयो भनेर दुई अध्यक्षबीच गम्भीर छलफल र समीक्षा शुरू भएको छ ।'

प्रचण्डले सरकारका काम कारवाहीको विषयमा प्रधानमन्त्री केपी ओलीसँग आफूले आजै छलफल गर्न लागेको बताए ।

'जनतामा बढेको निराशालाई हटाउनका लागि जस्तोसुकै कदम चाल्ने हो, कोही मन्त्री परोस्, नपरोस्, पार्टी आन्दोलन र जनताका अपेक्षाभन्दा व्यक्ति ठूलो होइन,' प्रचण्डले भने ।

प्रचण्डले जनताको पक्षमा काम गर्न नसक्ने दुईचार जना मन्त्री हट्न सक्ने संकेत पनि गरे ।

***भारत र चीनमा त्रिपक्षीय साझेदारीको कुरा गर्छु***

अध्यक्ष प्रचण्डले आफूले बिहीवादेखि भारत भ्रमण गर्न लागेको र त्यो राष्ट्रिय हित र विकासको चाहनाको पक्षमा हुने बताए ।

'पर्सि इन्डिया जाँदैछु, मेरो रहले होइन, पार्टी एकता भएपछि एउटा अध्यक्ष जानुभयो । अर्को अध्यक्ष आइदिए हुन्थ्यो भन्ने मित्र राष्ट्रको चाहनाका कारण म पर्सि भारत र ६ दिनपछि चाइना जान्छु,' प्रचण्डले भने, 'भारत र चीनको भ्रमण राष्ट्रिय हित र विकासको चाहनामा केन्द्रित हुन्छ । सरकारका पक्षविपक्षमा लाग्ने काम हुँदैन । यी सबै गलत अफवाह

**(बाँकी ४ पेजमा)**

# चण्डेश्वरी ...

सञ्चयकोषको रकम उपलब्ध गराउने मौखिक प्रतिबद्धता जाहेर गरेसगै विद्यालयमा पठनपाठन सुचारु हुन पुगेको थियो । यसैबीच विद्यालयको रकम हिनामिना भईरहेको अवस्थामा लेखापालको जिम्मेवारी समेत सम्हालेकी शिक्षिका सोनिया थापा अधिकारीको सरुवाको चलखेल भईरहेको छ । विद्यालय व्यवस्थापन समितिको स्वीकृती बिनानै उनको सरुवाको चलखेल भएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष परियारले बताए । यता शिक्षिका अधिकारीको सरुवाको चलखेल भएसगै उक्त विद्यालयमा गणित र विज्ञानको पठनपाठन समेत अलपत्र हुने संकेत देखिएको छ । शिक्षिका अधिकारीलाई सरुवा गर्ने विषयमा नगरपालिकाले ठाडो हस्तक्षेप गरेको बुझिन आएको छ ।

विद्यालयमा भएको अनियमितका विषयमा बुझ्न खोज्दा प्रअ न्यौपानेको मोवाइल स्वीच अफ रहेको थियो भने शिक्षिका अधिकारीले व्यस्त छु भन्दै प्रतिक्रिया दिन चाहिनन् । यता उक्त विद्यालयमा भएको आर्थिक अनियमितताको जिल्ला शिक्षा समन्वय समिति तनहुँका जिल्ला शिक्षा अधिकारी रामप्रसाद संग सर्म्पक गर्दा शिक्षा समन्वय समितिमा उजुरी नपरेको र उजुरी परेपछि छानविन प्रक्रिया अगाडि बढाइने बताए । त्यस्तै जिशिअ शर्माले चण्डेश्वरीको शिक्षक सरुवाको विषयमा नगरपालिकाले कुनै समन्वय नगरेको बताए । अन्य विद्यालयको शिक्षक सरुवा गर्दा समेत समन्वय हुन छाडेको समेत जिशिअ शर्माले बताए ।


**व्यास नगरपालिका भूमि व्यवस्थापन तथा भवन नियमन शाखाको नक्शापासको लागि संधियाराको नाउँमा जारी गरिएको सूचना !**

**गण्डकी अञ्चल तनहुँ जिल्ला व्यास नगरपालिकाको तपसिलमा उल्लेखित व्यक्तिको आफ्नो नाउँमा दर्ता भएको कित्तामा तपसिलमा उल्लेखित विवरण अनुसारको नयाँ घर निर्माण कार्यको लागि स्थानीय स्वायत्त शासन ऐन २०५५ को परिच्छेद ९ दफा १५३ (क) अनुसार यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ (प्रन्ध) दिन भित्र जग्गामा हक पुग्ने आवश्यक सबुद प्रमाण सहित आफ्नो दावी खुलेको उजुरी निवेदन यस कार्यालयमा दिनुहोला । अन्यथा नियम अनुसार गरिने छ भनी पुनः यो सूचना जारी गरिएको छ । म्याद नघी आएको उजुरीमा कुनै कारवाही हुने छैन ।**

| **नक्सा दरखास्तवालाको नाम नं ठेगाना** | **जग्गाको विवरण** | १५ दिने सूचना मिति | घरको किसिम | उपस्थित नहुने सधियारको नाम |
|---|---|---|---|---|
| शोभा सेन हमाल | सा. कर्लुङ ६/घ<br>कि. नं ९०५<br>क्षेत्रफल ०-२-२-० | २०७५/५/१९ | **RCC** | **दक्षिण**<br>कविता थापा क्षेत्री |


# आजको राशिफल



**ज्योतिष नवराज शर्मा** (ज्यो. डिप्लोमा) **घाँसिकुवा-३ कमलवारी**
सम्पर्क ९८४६४१६६७४

(श्री सम्वत २०७४ श्री शाके १९४०, ने.सं.११३८ अधिक श्रावण कृष्ण पक्षको दशमी तिथी ५ सेप्टेम्बर २०१८)

**मेष**- धार्मिक यात्रा हुने छ ।
**बृष**- विनाकाममा झमेलामा फस्नु पर्ने छ ।
**मिथुन**- सामाजिक प्रतिष्ठा बढ्ने छ ।
**कर्कट**- सञ्चित धनको नाश हुने छ ।
**सिंह**- शत्रुहरु पराजित हुने छन् ।
**कन्या**- चोटपटकको भय रहने छ ।
**तुला**- वैदेशिक यात्राको योग छ ।
**बृश्चिक**- नोकरीमा अपजश खप्नु पर्ने छ ।
**धनु**- मनमा शान्ति आउने छ ।
**मकर**- जग्गा जमिनबाट लाभ मिल्ने छ ।
**कुम्भ**- झुटो अपजश आइलाग्न सक्ला ।
**मीन**- कुनै कार्यक्रममा सरिक हुन पाइने ।
**(आजको यात्रा पश्चिम र दक्षिणको शुभ रहने छ ।)**


**युरोगार्ड चाहिएमा सम्झनुहोस् !**

**"स्वास्थ्य पानी, स्वास्थ्य जिन्दगानी"**

पानीबाट अधिकांश रोगहरु सर्ने गर्दछन् तसर्थ आफ्नो घर अफिस, स्कुल, कलेज, होटल तथा बैंकहरुमा युरोगार्डको प्रयोग गरी किटाणु रहित सफा पानी पिउनुहोस् निरोगी रहनुहोस् ।




**सम्झनुहोस्**
**- युरोगार्ड नयाँ राख्नुपरेमा वा पुरानो मर्मत गर्नु परेमा**
**- चिम्नी राख्नु परेमा**

**दमौली सम्पर्क :**
**कृष्ण थापा**
९८४६०८१३३३

**पोखरा सम्पर्क :**
**कमल थापा**
९८४६०३२४३८
९८२५१८६६७०

**प्रो. सुरज गुप्ता** ९८१६६०३०५९
**प्रकाश गुप्ता** ९८४६१६४२५९

**एन्जिला स्टोर्स**

**भोर्लेटार चोक, दमौली, तनहुँ**







**हाम्रो सेवाहरुः** *यहाँ रङ्ग, मेशिनरी सामान, बाथरुम फिटिङ्ग, टायल्स, साथै फर्निचर तथा हार्डवयर सम्बन्धि सम्पूर्ण सामान सुपथ मुल्यमा पाइन्छ ।*

# अनमोलसँग ‘ब्याचलर बन्टी’मा रोमान्स गर्दै उकुसा

नायक अनमोल केसीले काम गर्ने हरेक चलचित्रमा नयाँ नायिका हुने गर्दछन । अनमोलले काम गर्न लागेको आठौ चलचित्र ‘ब्याचलर बन्टी’मा पनि नयाँ नायिका नै फाइनल भएकी छिन् ।

सुदिप खड्का पोडक्शन र

**फिल्मी दुनियाँ**

चाम्स इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण हुन लागेको यो चलचित्रका लागि मोडल उकुसा गिरीलाई फाइनल गरिएको छ । चलचित्रका निर्देशक तथा निर्माता मिलन चाम्स र निर्माता सुदिप खड्काले उकुसालाई फाइनल गरेका हुन ।



उकुसाले विभिन्न सौन्दर्य प्रतियोगीता समेत जितिसकेकी छिन् । उनी ‘मिस एसिया नेपाल’मा बेष्ट पर्सानालिटी, ‘मिस एसिया’मा मिस ब्यूटिफूल आइज, मिस एसिया २०१७ कि विजेता समेत हुन् । साथै उनले थुप ऱ्याम्प शोमा समेत मोडलिङ गरिसकेकी छिन् ।

दशै लगतै यूरोपका विभिन्न स्थानमा छायांकन हुने भनिएको यो चलचित्रका अन्य कलाकार भने फाइनल भएका छैनन । कमेडी र लभस्टोरी कथामा यो चलचित्र निर्माण हुने निर्देशक चाम्सले बताएका छन् ।

# बाढीको प्रश्नमा प्रधानमन्त्रीको जवाफ सुनेर सांसद हाँसेर ‘डल्लो’ परे

**काठमाण्डौं १९ भदौ**

प्रधानमन्त्री केपी शर्मा ओलीले सांसदहरुले उठाएको जनचासो तथा समस्याका विषयमा ठट्यौलो जवाफ दिएका छन् । मंगलबार बसेको प्रतिनिधि सभाको बैठकमा सांसदले बाढी, पहिरोपीडितबारे कुरा उठाएका थिए । तर, प्रधानन्त्रीले मन्तव्यको अन्तिममा विषय छोए जस्तो गरे । ठट्टामै जवाफ दिए । उनको जवाफ सुनेर सांसदहरु हाँसेर डल्लो परे ।





उनले भने, ‘बाढीको कुरा जो छ । हो, खोला नियन्त्रण गर्न सकिएको छैन । यी खोलाहरु यो सरकारले ६ महिनामा ल्याएको पनि होईन । अहिले भएको पनि होईन । हामी प्रयास गर्दैछौं ।’ नदी नियन्त्रण होस् । नदी नियन्त्रण गरौं । ओलीले यत्ति भन्दा सांसदहरु हाँसेर डल्लो परे ।

ओली अगाडि भन्दै गए । जन्ताले दुःख नपाउन् भनेरअहिले हामी उद्धारका कामहरु, राहतका कामहरुमा केन्द्रीत भएका छौं । म माननीय ज्यूहरुलाई भन्न चाहन्छु, ओलीले भने, ‘सरकार अत्यन्त संवेदनशील छ । नेपाली जनताका कठिनाईप्रति, दुःखहरुप्रति, भएका क्षतिहरुप्रति ।’ त्यसकारण हामी अत्यन्तै जिम्मेवारीपनका साथ जनतालाई राहत दिने र उद्धार गर्ने काममा लागेको छौं ।

उनले अगाडि भनेका छन्, ‘मैले भनेको छु अर्को कुरा । असुरक्षित बस्तीहरुलाई सुरक्षित र एकीकृत बस्तीमा परिणत गर्ने योजनातर्फ सरकार जाँदैछ ।’ तर, त्यो स्वस्थानी व्रतकथाको जादू होइन । यस्सो.... (हाउभाउ सहित)... खोलेर हेर्दा महल तयार हुने । यो त हामीले गर्नुपर्छ, उनले भने । गर्ने उद्देश्यका साथ हामी अघि बढिरहेका छौं ।

# यस्तो छ दुनियाँकै पहिलो आमा संग्रहालय

संसारमा अनेक खालका संग्रहालयहरु छन् । हाम्रै देशमा पनि सिक्कादेखि लिएर सर्पसम्मका संग्रहालय रहेका छन् । छिमेकी मुलुक भारतमा भने आमा संग्रहालय रहेको छ, जुन सायद दुनियाँकै पहिलो हो ।

आमाप्रति समर्पित यो संग्रहालयमा महिला तथा मातृत्वसँग सम्बन्धित विभिन्न ३५ हजार वस्तुहरु संग्रहित छन् ।

यो म्युजियम भारतको महाराष्ट्रस्थित मुम्बइ तथा पूणे

**विचित्र संसार**

जिल्लामा रहेको छ । यो संग्राहलयमा दक्षिण भारत र खासगरी मराठी संस्कृति र गृहस्थ जीवनमा प्रयोग हुने सदियौं पुराना चिजवस्तुहरु सुरक्षित राखिएको छा



शोधकर्ता डाक्टर बिट्ठल वेंकटेसले झण्डै ३० वर्षको कठीन शोध तथा संकलनपश्चात् यो संग्राहलयको स्थापना गरेका हुन् ।

आई म्युजियम नामले चर्चित यो संग्रहालय दुनियाँभरका आई अर्थात् माताहरुप्रति समर्पित छ ।

यो संग्राहलयमा बर्सेनि सयौं पर्यटकहरु आउने गर्दछन् ।


## न्यू मोर्डन हेन्डसम पार्लर

यहाँ हेयर स्ट्रेट हाइलाइट, फेसियल, फेसब्लीस, फेसवास, फेस मसाज गरिन्छ ।



सम्पर्क

**प्रो. महमद मोविम**

**न्यू मोर्डन हेन्डसम पार्लर**

**ब्यास–२, न्यूरोड, भेटघाट चोक, दमौली**

**९८०५८५६९८२, ९८४६८०२३३२**

## कर्मचारी आवश्यकता !

यस **HOTEL SASAA INN** का लागि केही कर्मचारी आवश्यक परेकोले इच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

१. **पद** : कुक २ जना (१ पुरुष/१ महिला)
२. **पद** : बारमेन १ जना (पुरुष)
३. **पद** : रिसेप्सिनिष्ट १ जना (महिला)
(१०+२ पास वा सो सरह उर्त्तीण तथा कम्प्युटरमा दक्ष)
४. **पद** : वेटर (२ पुरुष/२ महिला)

**तलब** : आपसी समझदारीमा तय हुनेछ ।

***नोट : अनुभवीलाई विशेष ग्राह्यता दिइने छ ।***

सम्पर्क:
**प्रो. जीवन शाही**

**दमौली सजेज कर्नर**

दमौली, तनहुँ फोनः ९८५६०६०४९९/९८०२८१०४९९

## Study Abroad

▸Australia ▸Japan
▸New Zealand ▸Korea
▸Cyprus ▸France

IELTS
English for International Opportunity

▸Career Counseling
▸Scholarship Available
▸Gap Accepted
▸High Visa Success Rate

'Let's Plan Your Career Together'.

We Have Quality
NCS™
EDUCATIONAL FOUNDATION
BROADEN YOUR HORIZONS... SINCE 2000

065-561888
9856061888

Damauli, Tanahun www.ncs.edu.np

## लोकप्रिय स्वास्थ्य क्लिनिकको सूचना

**२०७५ भदौ २३ गते शनिबार**

१) काठमाडौं मेडिकल कलेज काठमाडौंका वरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ **डा. प्रशन्नराज श्रेष्ठ**द्वारा कम्प्युटरद्वारा छालाको जाँच र मुसा, खिल, कोठी आदि विद्युतीय माध्यमबाट निकालिने ।
२) पश्चिमाञ्चल सामुदायिक अस्पताल पोखराका वरिष्ठ फिजिसियन पेट, छाती, मुटु, सुगर, थाइराइड विशेषज्ञ **डा. युक्तनारायण रेग्मी**द्वारा स्वास्थ्य परीक्षण र कम्प्युटरद्वारा फोक्सोको जाँच ।
३) पद्म नर्सिङ होम पोखराका वरिष्ठ नाक, कान, घाँटीरोग विशेषज्ञ डा. कुलदिप नारायण अग्रहरिद्वारा स्वास्थ्य परीक्षण ।

**२०७५ असोज ६ गते शनिबार**

१) पार्कल्याण्ड अस्पताल पोखराका वरिष्ठ स्त्री एवं प्रसुतीरोग विशेषज्ञ **डा. अन्जना केसी**द्वारा महिनाबारी गडबडी, तल्लो पेट दुख्ने, मैला पानी बग्ने, स्तनको गिर्खा, साथै गर्भवती महिलाको जाँच ।
२) गण्डकी मेडिकल कलेज तथा पार्कल्याण्ड अस्पतालका वरिष्ठ रेडियोलोजिष्ट **डा. केशव शर्मा**द्वारा भिडियो एक्स-रे सेवा ।
३) पार्कल्याण्ड अस्पताल पोखराका वरिष्ठ सर्जन **डा. महेन्द्र केसी**द्वारा किड्नीको पत्थरी, पित्तथैलीको पत्थरी, एपेन्डिक्स, पिसाब सम्बन्धी रोग आदिको स्वास्थ्य परीक्षण ।

**एम्बुलेन्सका लागि सम्पर्क नम्बर :**
**९८२६१६८६३३/९८४६०५५८४२**

**लोकप्रिय स्वास्थ्य क्लिनिक**

ब्यास–२, गणेशमानचोक, दमौली (सम्पर्क : ०६५-५६२३८२, ९८४१३२२३५९)

# क्रियापुत्री भवन निर्माणका लागि बागबजार टोलको सहयोग

**सेतीमादी संवाददाता**
**दमौली १९ भदौ**



व्यास-३ स्थित व्यास गुफा क्षेत्रमा निर्माणाधीन क्रियापुत्री भवनका लागि सहयोग जुट्ने क्रम जारी छ।

यसैक्रममा व्यास-२ बागबजार टोल विकास संस्थाले निर्माणाधीन भवनका लागि २५ हजार ५ सय ५५ रुपैयाँ सहयोग गरेको छ । टोलका अध्यक्ष खेचरबहादुर श्रेष्ठ र सचिव सुमन श्रेष्ठले उक्त रकम भवन निर्माण समितिका अध्यक्ष उपेन्द्र लम्साल र सदस्य विन्दु गुरुङ्गलाई हस्तान्तरण गरेका छन् । समितिका अध्यक्ष लम्साललले भवन निर्माणका लागि सहयोग गरेकोमा टोल विकास संस्थालाई धन्यवाद ज्ञापन गरेका छन्।

# आजको तस्बिर





व्यास नगरपालिका वडा नं ११ पूर्ण सरसफाई उन्मुख घोषणा कार्यक्रममा उपस्थित सहभागीहरु।
तस्बिरः सेतीमादी ।


## डिस होमको दशैं तिहार अफर

**सित्तैमा ! सित्तैमा !! सित्तैमा !!!**




**"अब Dish Home सेटको मुल्य एक रुपैया पनि पर्दैन, यो अफर न पहिले थियो न त अब नै हुनेछ।"**

**मौकाको फाइदा उठाउनुहोस् ।**

**सम्पर्कः**

१. शुभलक्ष्मी सप्लायर्स दमौली - ५६१०२०, ९८४६३७२१३३
(तनहुँ, लमजुङ, गोरखाको आधिकारीक वितरक)
२. गाउँघर बिजुली पसल दमौली - ९८४६०९०१६३
३. नेशनल रेडियो सर्भिस दमौली
४. विन्जु & विहान मिडिया प्रा.लि. दमौली- ९८५६०६०४९६
५. बावुल इम्पोरियम - ०६५-५८०१०८
६. खड्कमाई इलेक्ट्रोनिक्स - ९८५६०२७७७८


## जनताको ...

र भ्रमपूर्ण कुरा हुन् ।'

प्रचण्डले आफ्नो भ्रमण नेपालको विकासमा त्रिदेशीय सहकार्य विस्तारमा केन्द्रित हुने बताए ।

उनले भारत भ्रमणका क्रममा प्रधानमन्त्री नरेन्द्र मोदी, राजनीतिक दलका नेता र बुद्धिजीवीहरूसँग छलफल गर्ने बताए ।

***वृद्धभत्ता बढाएको भए हाईहाई हुन्थ्यो***

अध्यक्ष प्रचण्डले दुई अध्यक्षको समय नमिल्दा पार्टी एकताका कतिपय काम अड्किएको बताए । 'पार्टी एकताका बाँकी कामहरू समस्या भएर अड्केका होइनन्, दुवै अध्यक्षको समय मिलाउन गाह्रो हुँदा अड्केका छन् । यो माहिनाको अन्तिमसम्ममा पार्टी एकतामा थाती रहेका काम टुंगो लाग्छ,' प्रचण्डले भने ।

पत्रकारहरूको एक प्रश्नको जवाफमा अध्यक्ष प्रचण्डले पूरक बजेट समाधान नभएको बताए ।

'अहिले प्रचण्ड किन मौन बस्यो बोल्दैन भनेर टिकाटिप्पणी भएको सुनियो । बोल्दा पनि अप्ठ्यारो र नबोल्दा पनि अप्ठ्यारो,' प्रचण्डले भने, 'सरकारका पक्षमा बोलेकै छु, आफ्नो ठाउँबाट पहल गरेकै छु ।'

प्रचण्डले पछिल्ला दिनमा समाजमा भइरहेका घटनाले सामाजिक बिचलन बढेको भन्दै चिन्ता लागेको बताए ।


## होटल मुस्ताङ शिघ्र सञ्चालनमा

**होटल मुस्ताङ प्लाजा**
(डुम्रे बजार, मुस्ताङ होटल बन्दीपुरे लजबाट २०० मि तल हाइवेमा)





**हाम्रा सेवाहरू :**
- डिलक्स रुम
- गाडी पार्किङ
- विवाह, व्रतबन्धमा अडर बमोजिमको पार्टीका लागि व्यवस्था ।
- चिसो तातो पानीको व्यवस्था
- अर्डर बमोजिम खानाको व्यवस्था

**सम्पर्कः**
**प्रो. लक्ष्मण जोशी - ९८४६४७९९९९**
**प्रो. राम जोशी - ९८५६०८८९०२**
०६५-५८०१७२/५८०२७२

## Damauli Car Fashion
**(दमौली टायर एण्ड ट्रेड)**
**प्रो. प्रकाश हड्खले**
व्यास-१, गल्बुबेशी, तनहुँ
फोनः ०६५-५६१७९४, ९८४६०४०४३०



**All kinds of Bus, Car, Assoceries, Stickers, Sit Cover, Guards, Lights, Bodycover, Music System avilable.**

## सम्पूर्ण मेशिनरी सामानको लागि हामीलाई सम्झनुहोस् !

हामी कहाँ इलेक्ट्रिक मोटर, ह्याण्ड प्लेनर, मार्बल कटर, ह्याण्ड ड्रिल, वाटर पम्प, जेट पम्प, वल्डिङ्ग मेशिन, कार-वाइक वासिङ मेशिन, फ्यान वेल्ट, गाडा टायर, फर्निचर, ग्रिल, ढुङ्गा कटिङ मेशिन, आल्मुनियम कटर, आधुनिक कटिङ्ग ढुङ्गा सुपथ मुल्यमा पाइनुका साथै उद्योगका सम्पूर्ण सामान पाइन्छ ।



**प्रो. अनुपम श्रेष्ठ**
**A.S. Machinery Stores**
व्यास-२, बागबजार, दमौली
फोन : ९८६०६९९६१९, ९८१३४५०७८८

## STUDY IN Japan
**Jan and April Intake 2019**

- TOKYO
- CHIBA
- NAGOYA
- OSAKA
- FUKUOKA
- YOKOHAMA
- OKINAWA
- SENDAI
- SAITAMA
- AND MORE ..........

**raffles**
Educare Damauli
**065-562511**

## Suvana Rest Home & Restaurant Lodge
**Chapaghat–5**
- Free Wifi Zone
- Peaceful Environment
- Roof Top Restaurant

Free Wifi

लोकल कुखुरा, लोकल माछा, खसी बोकाको मासुका विभिन्न परिकारहरु, म.म., रोटी, फ्राई दाल, पुरी आदि विभिन्न परिकारहरु पाइन्छ।









Pro. Suresh Gurung
Cont.: 065-561979/9801343196


सेतीमादी पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित सेतीमादी दैनिकका लागिः सम्पादक : डम्बरबहादुर अधिकारी (९८५६०४०४६१), प्रबन्ध निर्देशक : कृष्णबहादुर अधिकारी, कार्यालय-व्या.न.पा.-३, सफासडक दमौली, फोनः ०६५-५६०८८९, ९८५६०४०४६१, कम्प्युटर : ऋषिराम बजगाई, बजार व्यवस्थापक : प्रकाश अधिकारी (९८५६०६००७०) *E-mail:- setimadidaily@gmail.com* मुद्रण :- विज्ञान प्रिन्टर्स।